मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा, नेपाल

## बकर ईद (इदुल जोहा) को शुभकामना

मुस्लिम समुदायको पर्व बकर ईद (इदुल जोहा) को उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका मुस्लिम समुदाय लगायत सम्पूर्ण दिदीबहिनी, दाजुभाइहरुमा सुस्वास्थ्य, सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

इस्लाम पात्रो हिजरी सम्वत् अनुसार नयाँ वर्षको जुल हिज्जा महिनाको १० औं दिन यो पर्व मनाउँदै आएको पाइन्छ । इदुल फित्र अर्थात् रमजान पर्वको ७० औं दिनमा बकर इद मनाउने धार्मिक विधि रहिआएको छ ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं भौगोलिक विविधतायुक्त विशेषता भएको हाम्रो मुलुक संविधानतः धर्म निरपेक्ष राज्य हो । यस्ता विविधतायुक्त विषेशता बोकेका धार्मिक एवं सांस्कृतिक चाडपर्वले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राखी राष्ट्रिय एकतालाई अझै मजबुत बनाउन महत्वपूर्ण योगदान दिएका छन् । बकर ईद (इदुल जोहा) पर्वले विविध धर्म, संस्कृति मान्ने सबै नेपालीबीच भातृत्व, प्रेम र एकताको भावना बढाइ समुन्नत, शान्त र समृद्ध मुलुक बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भनी कामना गर्दछु ।

२०७९ असार २६

कृष्णचन्द्र नेपाली पोखरेल